नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
नवलपरासी (ब.सु.प.)

फोन नं. ०७८-५२१०३९, ०७८-५२०१४१
E-mail: dpost.parasi@gmail.com

कार्यालयको संक्षिप्त परिचय तथा आ.व. २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन

पृष्ठभूमिः

चिठीपत्र मार्फत सूचना आदान प्रदान गर्ने प्रयोजनलाइ व्यवस्थित तथा विश्वव्यापी नेतृत्व प्रदान गर्न सन् १८७४ मा विश्वको दोस्रो पुरानो संगठनको रुपमा विश्व हुलाक संघको स्थापना भएको पाइन्छ ।हाल यस अन्तर्गत जम्मा १९२ सदस्य देश रहेकोमा ती मध्ये नेपालले विश्व हुलाक संघबाट सन् १९५६ मा सदस्यता प्राप्तगरी विश्वव्यापी रुपमा चिठीपत्र मार्फत सूचना आदान प्रदान गर्ने मञ्चमा प्रवेश गरेको देखिन्छ ।यद्यपि नेपालमा चिठीपत्र मार्फत खबर, सूचना र समाचार आदान-प्रदान गर्ने उद्देश्यले तत्कालीन राणा प्रधानमन्त्री रणोदिप सिंहको पालामा विक्रम सम्वत् १९३५ मा नेपाल हुलाक घरको स्थापना भई हुलाक सेवाको प्रारम्भ भएको पाइन्छ । नेपालमा हुलाक सेवालाई थप व्यवस्थित, प्रभावकारी र जनमूखी बनाउन हुलाक ऐन, २०१९, हुलाक नियमावली, २०२० तथा हुलाक सेवा कार्यविधि निर्देशिका लगायतका कानूनी व्यवस्था गरिएको छ ।

हुलाक निर्देशनालय दाङ मातहत रहेको जिल्ला हुलाक कार्यालय नवलपरासी (ब.सु.प) को सेवा प्रवाह गर्ने कार्यक्षेत्र भौगोलिक दृष्टिकोणबाट जिल्ला भित्रका सातवटा स्थानीयतह रहेको छ । यस जिल्ला हुलाक कार्यालयले सूचना तथा संचार सम्बन्धी कार्य वि.स. २०३२ साल देखि गर्दै आएको देखिन्छ ।

कार्यालय सम्बन्धी संक्षिप्त बुँदागत जानकारी :

- जिल्ला हुलाक कार्यालयको ठेगानाः रामग्राम- ३ परासी, नवलपरासी (ब.सु.प)
- मातहतका स्थानिय तहस्तरिय हुलाक-६ वटा
- मातहतका हुलाक काउन्टर- जिल्ला प्रशासन कार्यालयमा रहेको १ वटा
- मातहतका अतिरिक्त हुलाक- २२ वटा
- जम्मा इकाइ- ३० वटा (जिल्ला हुलाक कार्यालय समेत)

सूचना तथा संचार सम्बन्धी कार्य वि.स. २०३२ साल देखि गर्दै आएको देखिन्छ ।

हुलाक अधिकृत

१. जिल्ला हुलाक कार्यालयको भौगोलिक कार्यक्षेत्र:

- **रामग्राम नगरपालिका**- जिल्ला हुलाक कार्यालय- १, र अतिरिक्त हुलाक ४ वटा (अमरौट-१४, सुक्रौली-१५, हकुई-१६, र देवगाउँ-१७)
- **सुनवल नगरपालिका**- स्थानिय तहस्तरिय हुलाक-१ वटा र अतिरिक्त हुलाक २ वटा (स्वाठी-९ र रामनगर-१२)
- **बर्दघाट नगरपालिका**- स्थानिय तहस्तरिय हुलाक- १ वटा र अतिरिक्त हुलाक २ वटा (भटौलिया-१२ र दाउन्नेदेवी-१४)
- **सरावल गाउँपालिका**- स्थानिय तहस्तरिय हुलाक- १ वटा र अतिरिक्त हुलाक ३ वटा (रामपुर खडौना-६, बडहरा दुबौलिया-५ र मनरी-२)
- **सुस्ता गाउँपालिका**- स्थानिय तहस्तरिय हुलाक- १ वटा र अतिरिक्त हुलाक २ वटा (रुपौलिया-१ र पकलिहवा- ५)
- **पाल्हिनन्दन गाउँपालिका**- स्थानिय तहस्तरिय हुलाक- १ वटा र अतिरिक्त हुलाक ५ वटा (गेर्मी-५, पाल्ही-४, हरपुर-२, सनई-६ र कुश्मा-३)
- **प्रतापपुर गाउँपालिका**- स्थानिय तहस्तरिय हुलाक- १ वटा र अतिरिक्त हुलाक ४ वटा (ठुलो खैरेटवा- ४, गुठी सुर्यपुरा- ७, सोमनी- ३ र बैदौली/गुठीप्रसौनी-५/६)

नोट: स्थानीय हुलाक कार्यालय नजिकमा रहेका अतिरिक्त हुलाक कार्यालयहरु: कुडिया र बेलाटारीलाई समावेश नगरिएको ।

Government Courier Service मार्फत घरदैलोमा राहदानी पुर्याउने सेवाको लागि जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.प.) मा हुलाक काउन्ट स्थापना भएको ।

8/1/28

हुलाक अधिकृत

२. कार्यालयको दरवन्दी सम्बन्धी विवरण

क. संगठन संरचनाः

अनुसूची १.५२

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

हुलाक सेवा विभाग

जिल्ला हुलाक कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को संगठन संरचना



ख. दरवन्दी तेरिजः

जिल्ला हुलाक कार्यालय र मातहतका हुलाक कार्यालयकोः

श्रेणी/पद र सेवा/मूह	दरबन्दी	पदपूर्ति			रिक्त	कैफियत
		स्थायी	करार	जम्मा		
रा.प.तृतीय/शा.अ/प्रशासन	१	१	०	१	०	
रा.प. अनं. प्रथम / ना.सु./ प्रशासन	१	१	०	१	०	
रा.प. अनं. द्धितीय / सह-लेखापाल/ लेखा	१	०	०	०	१	
रा.प. अनं. द्धितीय / खरिदार/ प्रशासन	१०	७	०	७	३	१ जना काजमा

हुलाक अधिकृत

						रुपन्देही खटिएको
श्रेणीविहिन/हुलाकी	६	२	३	५	१	
श्रेणीविहिन/हल्कारा	१७	३	१२	१५	२	
श्रेणीविहिन/का.स	२	१	१	२	०	
जम्मा	३८	१५	१६	३१	७	

अ. मिति २०८१/०१/१० मा नेपाल राजपत्रमा प्रकाशित अतिरिक्त हुलाक (पाँचौं संशोधन) नियमावली, २०८० को ब्यवस्था बमोजिम अतिरिक्त हुलाक कार्यालय कर्मचारीहरुको विवरण:

सेवा ,समुह र पद	**हालको पदपूर्ति**
हुलाक प्रतिनिधि	१५
डाँक बहाक	१९
पत्र वितरक	१६
जम्मा	**५०**

३. यस कार्यालयको काम कर्तब्य र अधिकार:

जिल्ला हुलाक कार्यालय, नवलपरासी (ब.सु.प) को काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेको छ:

- हुलाक वस्तु दर्ता गर्ने,
- हुलाक वस्तु वितरण गर्ने,
- टिकट प्राप्ती, भण्डारण र बिक्री गर्ने,
- डाँक सञ्चालन गर्ने तथा कर्मचारीहरुलानई आलोपालोको व्यवस्था मिलाई जुनसुकै समयमा समेत डाँक बुझ्ने/बुझाउने व्यवस्था गर्ने,
- पालिका हुलाक कार्यालयहरुसँग समन्वय र अनुगमन गर्ने,
- जिल्ला तथा मातहतका कार्यालयहरुको आर्थिक तथा प्रशासनिक काम गर्ने,
- समयानुकुल डाँक रेखा निर्माण तथा अद्यावधिक गर्ने,
- अन्तर जिल्ला डाँक सञ्चालन सम्बन्धी समन्वय र प्रबन्ध गर्ने,
- हुलाक सेवा विभागमा नियमित प्रतिवेदन गर्ने,

हुलाक अधिकृत

- विभागबाट सहमती लिई कर्मचारी व्यवस्थापन गर्ने,
- पालिका हुलाक कार्यालयहरु व्यवस्थापन गर्ने,
- समय समयमा हुलाक सेवा विभागले लगाएको विभिन्न कार्य गर्ने,
- हुलाक सेवा सञ्चालन सम्बन्धमा विभागमा सुझाव पेश गर्ने,
- विभागको स्वीकृती लिई महानगर र उपमहानगर पालिका क्षेत्रमा कामको आवश्यकता अनुसार हुलाक वस्तु दर्ता काउन्टर सञ्चालन गर्ने,
- हुलाकबाट प्रदान गरिएका सेवाहरुको प्रचार प्रसार तथा प्रवर्धन गर्ने,
- विनियोजित बजेट र प्राप्त अख्तियारी बमोजिम ऐन, नियमको दायरा भित्र रही खर्च लेख्ने,
- प्रशासन शाखा, डाँक अनुगमन तथा व्यवस्थापन शाखामा तोकिएको शाखा प्रमुखहरुलाई कार्य विवरण दिने,
- पालिका हुलाक कार्यालयहरुको अनुगमन निरीक्षण गरी प्रतिवेदन गर्ने,
- अनुगमनका क्रममा जिल्ला हुलाक कार्यालय र पालिका हुलाक कार्यालयमा देखिएका कमि कमजोरीलाई सुधार गर्न लगाउने सुधारको लागि विभागमा लेखि पठाउने,
- पालिका हुलाकको कार्यालय प्रमुखहरुको हाजिरी, बिदा, दण्ड, पुरस्कारको विवरण माग गरी गर्न लगाइ अभिलेख राख्न लगाउने,
- हुलाक वस्तु ढुवानीको लागि जिल्ला मातहत रहेका हुलाक कार्यालयसम्म डाँक परिवहन व्यवस्था मिलाउने,
- सर्टिङ्ग सूची राम्रोसँग कार्यान्वयन गर्ने, डाँक परिवहन ठिक समयमा भएको छ छैन हुलाक वस्तुको ठिक समयमा संकलन भएको छ छैन आदी कुराहरुको सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउने,
- हुलाक वस्तुको संकलन, ढुवानी, दर्ता, वितरण, आयात र निर्यात गर्ने कार्यालाई छिटो छरितो र प्रभावकारी रुपमा गर्न लगाई नियमानुसार तोकिएको समय भित्र कार्य सम्पन्न गर्न लगाउने,
- आन्तरिक इ.एम.एस. सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने,
- PITS को नियमित अनुगमन/सुपरिवेक्षण गरी प्रभावकारी रुपमा सञ्चालनमा ल्याउने,
- हुलाक टिकट बिक्री व्यवस्था मिलाउने र बिक्री पश्चातको राजश्व दाखिला गर्न लगाउने,
- वैदेशिक हुलाक वस्तु (ई.एम.एस./पार्सल) मा लागेको भन्सार महशुल, मुल्य अभिवृद्धि कर, अन्तशुल्क लगायतका करहरु संकलन गरी राजश्व खातामा दाखिला गर्ने,
- कर्मचारीको हाजिरी, बिदा, पदपूर्ति तथा रिक्त पदहरुको विवरण अद्यावधिक गर्ने, रा.प.अनं. पदहरुको पदपूर्तिको लागि लोकसेवा आयोगमा लेखि पठाउने,
- नीतिगत, सैद्धान्तिक एवं असुलउपर गर्ने बेरुजुहरु छलफल गरी फरफारक गर्ने गराउने,
- लेखाको तोकिएको ढाँचामा समयसीमा भित्र वित्तिय विवरणहरु तयार गर्ने गराउने,
- पत्रपत्रिका हुलाक दर्ताका लागि आए दर्ता एवं नविकरण गर्ने,
- लोककल्याणकारी विज्ञापन प्राप्त गर्ने एफ.एम. रेडियो, टेलिभिजन र वर्गीकरणमा परेका पत्रिकाको विवरण संकलन अनुगमन र नियमानुसार भुक्तानीको लागि प्राप्त रकम वितरण गर्ने,
- पोष्टवक्स वितरण, नविकरण एवं सञ्चालन गर्ने,
- पूर्व-पश्चिम डाँक व्यवस्थापन र संचालन गर्ने,

हुलाक अधिकृत

- पत्राकार परिचयपत्र वितरण तथा प्रेस प्रतिनिधी प्रमाणपत्र र अनलाइ प्रमाणपत्रको नविकरण,
- राष्ट्रिय सूचना आयोगले तोके बमोजिम सूचना हकको कार्यान्वयनको अनुगमन एवं प्रतिवेदन गर्ने,
- हुलाक ऐन, २०१९, हुलाक नियमावली, २०२० मा भएको दण्ड सजायँ सम्बन्धी व्यवस्था अनुसार जरिवाना गर्ने, सचेत गराउनेसम्मका सजायँ गर्ने आदि ।

प्रगति खण्डः

१. आ.व. २०८२/८३ को विनियोजित बजेट र खर्चको अवस्था (समग्रमा)

बजेट शीर्षक	बार्षिक बजेट रु.	बजेट खर्च रु.	खर्च %
पुँजीगत	१२२००००	१२१२४६२	९९.३८२
चालु	३४५२७१०५	२६७४९१५१	७७.४७
जम्मा	३५७४७१०५	२७९६१६१३	७८.२२

२. हुलाक वस्तु सम्बन्धी विवरणः

क. डाँक शाखा तर्फः

१. हुलाक वस्तु दर्ता संख्या :

क.स	हुलाक वस्तुको प्रकार	जि.हु.का.स्थानिय हुलाक /अ.हु.का.मा दर्ता भएको आन्तरीक	विदेशका लागि दर्ता भएको	जम्मा दर्ता
क	साधारण चिठी	५६९	०	५६९
	रजिष्टी चिठी	२१६६६	६८७	२२३५३
	वीमा चिठी	०	०	०
	साना पाकेट	०	०	०
	समाचार पत्रपत्रिका	१५८२	०	१५८२
	अन्धा साहित्य	०	०	०

हुलाक अधिकृत

	बुक पोष्ट	२	०	२
ख	पार्सल	३	०	३
ग	EMS by land	३	१	४
	EMS by air	०	०	०
	जम्मा	२३८२५	६८८	२४५१३

२. हुलाक वस्तु आयात संख्या:

क्र. स	हुलाक वस्तुको प्रकार	आफ्नो जिल्ला भित्र वितरणका लागी अन्य जिल्लाबाट प्राप्त / स्वदेशी	आफ्नो जिल्लाभित्र वितरणको लागी विदेशबाट प्राप्त /विदेशी	जम्मा
क	साधारण चिठी	५३४	५२९	१०६३
	रजिष्टी चिठी	९६३८	१२३	९७६१
	वीमा चिठी	०	०	०
	साना पाकेट	०	६७	६७
	समाचार पत्रपत्रिका	४६६	६७	५३३
	अन्धा साहित्य	७४	०	७४
	बुक पोष्ट	१५६	१३७	२९३
ख	पार्सल	२५	१५०	१७५
ग	EMS by land	२७५	७५	३५०
	EMS by air	०	६	६
	जम्मा	१११६८	११५४	१२३२२

३. हुलाक वस्तु निर्यात तथा संख्या :

क्र.स	हुलाक वस्तुको प्रकार	आफ्नो जिल्लामा दर्ता भई अन्य जिल्लामा चलान भएका स्वदेशी	आफ्नो जिल्लामा दर्ता भई विदेशको लागि निर्यात भएका विदेशी	जम्मा
क	साधारण चिठी	२०६	०	२०६

हुलाक अधिकृत

	रजिष्ट्री चिठी	१०१९९	६८७	१०८८६
	वीमा चिठी	०	०	०
	साना पाकेट	०	०	०
	समाचार पत्रपत्रिका	१२१५	०	१२१५
	अन्धा साहित्य	०	०	०
	बुक पोष्ट	१	०	१
ख	पार्सल	३	०	३
ग	EMS by land	३	१	४
	EMS by air	०	०	०
	जम्मा	११६२७	६८८	१२३१५

४. हुलाक वस्तु वितरण संख्या :

क.स	हुलाक वस्तुको प्रकार	आफ्नो जिल्लामा दर्ता भई आफ्नो जिल्ला भित्र नै वितरण भएका	अन्य जिल्लाबाट प्राप्त भई वितरण भएका	विदेशबाट प्राप्त भई वितरण भएका	जम्मा
क	साधारण चिठी	३६३	५३५	५२९	१४२७
	रजिष्ट्री चिठी	११४६७	९६३८	१२३	२१२२८
	वीमा चिठी	०	०	०	०
	साना पाकेट	०	०	६७	६७
	समाचार पत्रपत्रिका	३६७	५४०	६७	९७४
	अन्धा साहित्य	०	०	०	०
	बुक पोष्ट	०	१५६	१४०	२९६
ख	पार्सल	०	२५	१५३	१७८
ग	EMS by land	०	२७५	६९	३४४
	EMS by air	०	०	६	६
	जम्मा	१२१९७	११११६९	११५४	२४५२०

हुलाक अधिकृत

पार्शल शाखा तर्फः

क्र.सं.	विवरण	आयात	वितरण	कार्यालयमा रहेको
१	अर्डिनरी/साना प्याकेट	५२	५१	१
२	इ.एम.एस.	३३७	३३०	७
३	पार्शल	१५९	१५५	४
जम्मा		५४८	५३६	१२

नोटः **Government Courier Service** अन्तर्गत घरदैलोमा राहदानी वितरण संख्याः

अवधि	कार्यालयमा प्राप्त भएको राहदानी संख्या	डेलिभरी भएका राहदानी संख्या	कैफियत
२०८३/०३/३२ सम्म	१६५९	१६०७	फारम भर्ने, राहदानी ढुवानी तथा घरदैलोमा डेलिभरी गर्ने कार्य निरन्तर चलिरहेको

३. पोष्ट बक्स **(Post Box)** दर्ता/नविकरण विवरणः नयाँ दर्ता तथा पुरानो नविकरण समेत नभएको

क्र.सं.	जि.हु.का./ इ.हु.का	पोष्ट बक्स संख्या				लेटर बक्स (पत्र मञ्जुषा) संख्या	
		नयाँ दर्ता भएका	नविकरण भएका	बन्द भएका	जम्मा प्रयोगमा	प्रयोगमा भएका	प्रयोगमा नभएका
							------

४. आ.व. २०८२/८३ मा राजस्व संकलन सम्बन्धी विवरणः

क्र.सं.	राजश्व शिर्षक	राजश्व विवरण	जम्मा राजश्व	कै.
१	११५११	भन्सार महशुल आयात	२३३५७६	

हुलाक अधिकृत

२	१४१५१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय	०	
३	१४१५९	अन्य श्रोतबाट प्राप्त बाँडफाड नहुने रोयल्टी	०	एफ. एम. र केवल टेलिभिजनको रोयल्टी
४	१४२१२	सरकारी सम्पत्तिको विक्रिबाट प्राप्त आय	०	
५	१४२२२ (हुलाक सेवा शुल्क)	हुलाक टिकट विक्री	१७४९९५०	
		काउन्टर अटोमेशन	८४५७५३	
		पोष्टवक्स दर्ता तथा नविकरण	००	
		इ एम एस पार्शल हुलाक महशुल	३२६७	
६	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	५६४	
७	१४२५४	रेडियो एफ.एम. संचालन दस्तुर	०	
८	१४३१२	प्रशासनिक दण्ड जरिवाना जफत	०	
७	१४५२९	अन्य राजश्व	२२८	
८	१५१११	बेरुजु	२६२५६३	
		जम्मा	३०९५९०१	

५. जिल्ला हुलाक कार्यालयको बेरुजु सम्बन्धी विवरण :

क्र.सं.	आ.व. २०८१/०८२ भन्दा पहिलेको	आ.व. २०८१/८२ को बेरुजु मध्ये फर्छयौट पछिको बाँकी बेरुजु रकम	फर्छयौट प्रतिशत (%)
१.	०	११९२४८	

हुलाक अधिकृत

६. आ.व. २०८२/८३ को टिकट सम्बन्धी विवरण :

२०८२ श्रावण देखि २०८३ असार मसान्त सम्म टिकट आम्दानी (अ.ल्या. समेत)		२०८२ श्रावण देखि २०८३ असार मसान्त सम्म टिकट बिक्रि		२०८२ श्रावण देखि २०८३ असार मसान्त सम्म उज्रातीमा गएको टिकट		२०८२ श्रावण देखि २०८३ असार मसान्त सम्म बाँकी रहेको टिकट	
संख्या	रकम रु.	संख्या	रकम रु.	संख्या	रकम रु.	संख्या	रकम रु.
२९८५२७	२७५००९३	२११८४८	१९५७१२०	१३५९५	११७६००	७३०८४	६७५३७३

७. आ.व. २०८२/८३ मा लोक कल्याणकारी विज्ञापनको रकम भुक्तानी सम्बन्धी विवरण :

क्र.सं.	पत्रिका/रेडियोको प्रकार	पत्रिका संख्या	आ.व. ०८२/०८३ असार महिना सम्मको भुक्तानी रकम	कै.
१	दैनिक पत्रिका	०	०	
२	सासाहिक पत्रिका	०	०	
३	द्धिमासिक पत्रिका	०	०	
४	मासिक पत्रिका	०	०	
४	एफ.एम. रेडियो	४	४५९९६६	
५	टेलिभिजन		०	
		जम्मा	४५९९६६	

८. सञ्चार तर्फको विवरणः

एफ.एम. रेडियोः

नविकरण भएको	नविकरण नभएको	जम्मा	कैफियत
४	२	६	

पत्रपत्रिकाः

हुलाक अधिकृत

नयाँ दर्ता	नविकरण भएको	हाल कायम जम्मा	कैफियत
०	२	२	

- पत्राकार प्रेस प्रतिनिधि प्रमाणपत्र वितरण : १०
- पत्रकार परिचयपत्रः १३
- अनलाइन प्रमाणपत्र नविकरण : २

११. एक स्थानीयतह एक हुलाक कार्यालय अनुसार कायम डाँक रेखाः

क्र.सं.	डाँक रेखाको नाम	डाँक रेखामा पर्ने हुलाक कार्यालय	माध्यम/साधन	दुरी	कै.
१	परासी-स्वाठी-सुनवल-भुमही-बर्दघाट-भटौलिया-सरावल-परासी -	हुलाक कार्यालय, सुनवल नगरपालिका, हुलाक कार्यालय, बर्दघाट नगरपालिका, हुलाक कार्यालय, सरावल गाउँपालिका	कार्यालयको मोटरसाइकल	४६ कि.मी	
२	भटौलिया/सरावल-बेलाटारी-कुडिया	हुलाक -कार्यालय, प्रतापपुर, हुलाक कार्यालय, सुस्ता गाउँपालिका	इन्धन सुविधा दिइएको मोटर साइकल	१८-२५ कि.मी	
३	परासी-पाल्हिनन्दन	जि.हु.का.- हुलाक कार्यालय, पाल्हिनन्दन	कार्यालयको मोटरसाइकल		

हुलाक अधिकृत

१२. एक स्थानीयतह एक हुलाक कार्यालय अनुसार कायम डाँक रेखा





हुलाक अधिकृत

१३. अन्तरजिल्ला डाँक रेखाः

डाँक ढुवानी उत्पत्ति	डाँक ढुवानी गन्तव्य स्थान	कैफियत
जिल्ला हुलाक कार्यालय नवलपरासी (ब.सु.प.)	१. गोश्वारा हुलाक कार्यालय, काठमाडौं	
	२. हुलाक निर्देशनालय, कास्की	
	३. जिल्ला हुलाक कार्यालय, रुपन्देही	
	४. जिल्ला हुलाक कार्यालय, आर्घाखाँची	
	५. जिल्ला हुलाक कार्यालय, चितवन	
	६. जिल्ला हुलाक कार्यालय, कपिलवस्तु	
	७. हुलाक कार्यालय, लमही, दाङ	
	८. जिल्ला हुलाक कार्यालय बाँके	
	९. हुलाक निर्देशनालय, कैलाली	
	१०. जिल्ला हुलाक कार्यालय, तनहुँ	
	११. हुलाक कार्यालय, सिमरा, बारा	
	१२. जिल्ला हुलाक कार्यालय, महोत्तरी	
	१३. हुलाक निर्देशनालय, धनुषा	
	१४. हुलाक कार्यालय, विर्तामोड, झापा	
	१५. हुलाक कार्यालय, इटहरी, सुनसरी	
	१६. जिल्ला हुलाक कार्यालय, रौतहट	
	१७. जिल्ला हुलाक कार्यालय , सर्लाही	

१३. महत्वपूर्ण कार्यहरु:

- सावकमा जिल्ला हुलाक कार्यालयमा र थप दुई पालिका हुलाक कार्यालयमा मात्र अटोमेशन सञ्चालनमा रहेकोमा यस आर्थिक वर्ष २०८२-०८३ मा थप तीनवटा पालिका हुलाक कार्यालयमा अटोमेशन जडान गरी सञ्चालन गरिएको ।
- जिल्ला भित्रका सवै स्थानीय हुलाक कार्यालय र महत्वपूर्ण अतिरिक्त हुलाक कार्यालयलाई डाँक रेखामा समावेश गरि प्रत्येक दिन सवै स्थानीय हुलाक कार्यालयमा डाँक ढुवानी गर्ने गराउने व्यवस्था मिलाइएको जसमा कार्यालयको दुईपाङ्ग्रे सवारी र आवश्यकता अनुसार कर्मचारीहरुको निजि सवारी साधनको समेत प्रयोग गरिएको ।
- कार्यालयको सेवा प्रवाहको वारेमा जानकारीमूलक सामाग्री तयारगरी फेसवुक पेज मार्फत साझा गरिएको जसवाट नागरिकहरुमा हुलाक सेवाको जानकारी, सचेतना र चासो बढेको ।
- पछिल्लो छ महिनाको हुलाक वस्तुको गन्तव्य अध्ययन गरी विभिन्न जिल्लासँगको समन्वयमा डाँक बाँध्ने र पठाउनेगरी व्यवस्थापन भएको ।
- जिल्ला हुलाक कार्यालय र मातहतका हुलाक कार्यालय (अटोमेशन जोडिएको कार्यालय) बाट हुलाक वस्तुको Final Delivery Entry गर्ने गरिएको ।
- पालिका हुलाक कार्यालयहरुको सहभागितामा त्रैमासिक समीक्षा गर्ने गरिएको ।
- हुलाकसँग सम्वन्धित गतिविधीहरुको लेखाङ्कन र प्रतिवेदनको लागि फारम र रजिष्टर निर्माण गरिएको र कतिपय लेखाङ्कन र प्रतिवेदन Google Sheet मा प्रविष्टि गरी Real Time मा हेर्न सकिने बनाइएको ।
- बैदेशिक हुलाक वस्तु डेलिभरी इन्ट्री डेलिभरी भएकै मितिमा ips.post मा इन्ट्री गर्ने व्यवस्था मिलाइएको ।

१४. समस्याहरु:

- दरबन्दी अनुसारको पदपूर्ति नहुँदा (विशेष गरी खरिदार पदको) हुलाक कार्यालयको कार्यसञ्चालन र सेवा प्रवाहमा प्रतिकुल असर परेको।
- हुलाक सेवा सम्बन्धी प्रणाली जस्तै PITS, Website लगायतका प्रणालिहरु सञ्चालन गर्न सक्ने दक्ष कर्मचारीको अभाव रहेको ।
- अतिरिक्त हुलाक कार्यालयका कर्मचारीहरुको संख्या उल्लेख्य रहेको निजहरुको सेवा प्रवाहको क्षेत्र ठूलो रहेको तर उनीहरुको तलब लगायतका सेवा सुविधा न्युन रहेकोले काम प्रति कम उत्साहित र धेरै गुनासो रहेको,।

- कार्यालय Unit संख्या र कर्मचारीहरुको संख्या समेत धेरै रहेको तर कार्यालय सञ्चालन तथा व्यवस्थापनका लागि अत्यन्तै न्युन बजेट उपलब्ध हुने हुँदा प्रभावकारी कार्यालय सञ्चालनमा प्रतिकुल प्रभाव परेको जस्तै इन्धन सञ्चार इत्यादी ।
- पावर व्याकअप पर्याप्त नहुनाले अनलाइन माध्यमबाट हुलाक वस्तु दर्ता प्राप्ति र प्रेषणमा समस्या परेको ।
- जिल्ला हुलाक कार्यालयमा पुराना कम्प्युटर प्रिन्टर लगायतका मशिनरी सामानको कारण हुलाक सेवालाइ नियमितरुपमा अनलाइन गराउन अप्ठेरो परेको ।
- सिसिटिभी धेरै पुरानो भएको, मनिटर नभएको र रेकर्ड गर्ने सुविधा समेत नभएकोले सेवा प्रवाह गर्दा सुरक्षा चुनौती रहेको ।

१५. समस्या समाधानको लागि गरिएका प्रयासहरुः

- रिक्त दरवन्दीमा कर्मचारी पठाइदिनु हुन हुलाक सेवा विभागबाट विभिन्न समयमा भएको अनुगमनको क्रममा अनुरोध गरिएको साथै त्यसपछि पनि रिक्त रहेको पदमा पदपूर्तिको लागि लोकसेवा आयोगमा माग गरि पठाइएको ।
- PITS र PTMS लगायतका सफटवेयर सम्बन्धी विभिन्न ठाँउमा आयोजित तालिममा कार्यालयका कर्मचारीहरुलाइ सहभागी गराइएको ।
- अतिरिक्त हुलाक कार्यालयका कर्मचारीका न्यून सुविधाको बारेमा हुलाक सेवा विभागमा नियमित रुपमा जानकारी गराइएको ।
- आ.व. २०८३/०८४ मा सिसिटिभी र पावर व्यकअपको लागि बजेट व्यवस्था भएको ।

१६. अवको बाटोः

- द्रुत मेल सेवाको लागि जिल्ला हुलाक कार्यालय रुपन्देहीसँग आवश्यक समन्वय बैठक बसी आदान प्रदान तथा वितरणको व्यवस्था मिलाउने ।
- हुलाक सेवासँग सम्बन्धित प्रणालिमा कर्मचारीहरुको पहुँच र क्षमता अभिवृद्धिको लागि तालुक निकायसँग अनुरोध र समन्वय गर्ने साथै प्राप्त अवसरमा तालिमको लागि कर्मचारीलाई पठाउने ।
- हुलाक सेवाको प्रचार प्रसारको लागि हुलाक सेवा विभागद्धारा निर्धारित गुणस्तरको प्रचार सामाग्री स्थानीय छापा माध्यम र विद्युतीय सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारणको व्यवस्था मिलाउने ।

हुलाक अधिकृत

- ठूलो संख्यामा हुलाकबस्तुको कारोवार गर्ने कार्यालयसँग सम्झौता गरी निश्चित अवधिमा हुलाक सेवा शुल्क लिई हुलाक वस्तु दर्ता गर्ने व्यवस्था मिलाउने ।
- PITS लाई आधुनिक र समय सापेक्ष वनाउने । यस विषयमा धेरै चरणमा छलफल समेत भएको छ ।

हुलाक अधिकृत

।।धन्यवाद ।।